कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा
बागमती प्रदेश

प.सं. २०८२/०८३
च.नं. :

फोनः ०१०-५४२०१६

**विषय : डकुमेन्ट्री निर्माणका लागि आर्थिक प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२०)**

कालिका गाउँपालिका रसुवाको आ.व. २०८२/०८३ को गाउँपालिका तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **गाउँपालिको समग्र विषयबस्तुहरु समेटी डकुमेन्ट्री तयार** गर्नुपर्ने भएको हुँदा उक्त कार्य इच्छुक परामर्शदाताले यो सूचना प्रकाशित मितिले ३ (तिन) दिन भित्र कार्यालय समयभित्र कालिका गाउँपालिकाको कार्यालयमा यसै सूचना साथ संलग्न गरिएको TOR मा उल्लेख भए बमोजिमको शर्तहरुमा रु. ४ लाख नबढ्ने गरी आर्थिक प्रस्ताव तथा अन्य प्रस्तावहरु सहित सूचीकृत भई के-कति दररेटमा उपर्यूक्त अनुसारको डकुमेन्ट्री निर्माण गर्न सकिन्छ, सो सम्बन्धमा सिलबन्दी प्रस्ताव समेत पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल :

१. सक्कल निवेदनको आर्थिक तथा प्राविधीक र TOR मा उल्लेख भएका विवरणहरु,

२. फर्म वा व्यवसाय दर्ता,

३. भ्याट दर्ता,

४. आ.व. २०८१/०८२ को कर चुक्ता ।

(नोट : म्याद समाप्त हुने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन कार्यालय समयसम्म सिलबन्दी कोटेशन पेस गर्न पाईनेछ ।)

.................................
२०८२/२/२०

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

# कार्यसर्त (Terms of Reference - TOR)

# "कालिका गाउँपालिकाको समग्र विषयवस्तु समेटिएको वृत्तचित्र (Documentary) निर्माण तथा प्रसारण कार्य"

आर्थिक वर्ष २०८२/०८३

१. पृष्ठभूमि

कालिका गाउँपालिका को समग्र विकास, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, पर्यटकीय, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, सुशासन तथा सेवा प्रवाह सम्बन्धी उपलब्धिहरूलाई एकीकृत रूपमा प्रस्तुत गरी गाउँपालिकाको पहिचान, सम्भावना तथा विकास यात्रालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार–प्रसार गर्ने उद्देश्यले वृत्तचित्र निर्माण गर्न आवश्यक भएकोले आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित बजेट कार्यान्वयनका लागि यो कार्यसर्त (TOR) तयार गरिएको छ।

२. कार्यको शीर्षक

"कालिका गाउँपालिकाको समग्र विषयवस्तु समेटिएको वृत्तचित्र (Documentary Film) निर्माण, सम्पादन तथा प्रसारण"

३. उद्देश्यहरू

**मुख्य उद्देश्य**

कालिका गाउँपालिकाको समग्र परिचय, विकास गतिविधि, सम्भावना तथा उपलब्धिहरू समेटिएको गुणस्तरीय वृत्तचित्र निर्माण गर्नु।

**विशिष्ट उद्देश्यहरू**

- गाउँपालिकाको ऐतिहासिक तथा भौगोलिक परिचय प्रस्तुत गर्नु।
- विकास निर्माण तथा सेवा प्रवाहका उपलब्धिहरू दस्तावेजीकरण गर्नु।
- कृषि, पर्यटन, उद्योग, संस्कृति तथा स्थानीय सम्भावनाहरू उजागर गर्नु।
- स्थानीय समुदाय, जनप्रतिनिधि तथा सरोकारवालाको धारणा समावेश गर्नु।
- गाउँपालिकाको संस्थागत पहिचान तथा ब्राण्ड प्रवर्द्धन गर्नु।
- डिजिटल तथा प्रसारण माध्यममार्फत प्रचार–प्रसार गर्नु।

धर्मराज सोपान
प्रमुख प्रशासकीय अधिकृत

४. कार्यक्षेत्र (Scope of Work)

सेवा प्रदायकले निम्न कार्यहरू सम्पन्न गर्नुपर्नेछः

## क. पूर्वतयारी चरण

- आवश्यक तथ्यांक, सूचना तथा अभिलेख संकलन।
- स्क्रिप्ट (Script) तथा स्टोरी बोर्ड तयार गर्नु।
- छायांकन योजना तयार गर्नु।
- गाउँपालिकासँग आवश्यक समन्वय गर्नु।

## ख. छायांकन चरण

निम्न विषयवस्तु समेटिने गरी HD/4K गुणस्तरमा छायांकन गर्नुपर्नेछः

- गाउँपालिकाको परिचय
- ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा
- पर्यटन तथा प्राकृतिक सम्पदा
- कृषि, पशुपालन तथा उद्यम विकास
- शिक्षा क्षेत्र
- स्वास्थ्य सेवा
- खानेपानी तथा सरसफाइ
- सडक तथा पूर्वाधार विकास
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समावेशी विकास
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
- सूचना प्रविधि तथा सुशासन
- स्थानीय सफल व्यक्तित्व तथा उत्कृष्ट अभ्यासहरू
- जनप्रतिनिधि तथा सरोकारवालाको अन्तर्वार्ता
- ड्रोनबाट हवाई दृश्यहरू (Aerial Footage)

## ग. सम्पादन चरण

- नेपाली भाषामा वृत्तचित्र निर्माण।
- आवश्यक स्थानमा अंग्रेजी सबटाइटल समावेश गर्न सकिने।
- ग्राफिक्स, एनिमेसन, इन्फोग्राफिक्स तथा नक्सा समावेश।
- ब्याकग्राउण्ड संगीत तथा भ्वाइस ओभर।
- रंग संयोजन (Color Grading) तथा ध्वनि व्यवस्थापन।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

५. अपेक्षित उपलब्धि (**Deliverables**)

सेवा प्रदायकले निम्न सामग्री उपलब्ध गराउनुपर्नेछः

| क्र.सं. | विवरण |
|---|---|
| १ | २०–२५ मिनेटको मुख्य वृत्तचित्र |
| २ | ५–७ मिनेटको संक्षिप्त संस्करण |
| ३ | १–२ मिनेटका प्रचारात्मक क्लिपहरू |
| ४ | उच्च गुणस्तरका सम्पादित फोटोहरू |
| ५ | सम्पूर्ण कच्चा भिडियो (Raw Footage) |
| ६ | Soft Copy (Hard Disk/Pen Drive) |
| ७ | प्रसारणयोग्य Digital Format (MP4/MOV) |

**६. कार्य सम्पन्न अवधि**

सम्झौता भएको मितिले **२५ दिनभित्र** सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्नेछ। आवश्यकता अनुसार गाउँपालिकाको स्वीकृतिमा अवधि थप गर्न सकिनेछ।

**७. सेवा प्रदायकको योग्यता**

सेवा प्रदायक संस्था/फर्मले निम्न न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछः

- नेपाल सरकारमा विधिवत दर्ता भएको संस्था/फर्म।
- VAT दर्ता भएको।
- दक्ष छायांकन, सम्पादन तथा उत्पादन टोली भएको।
- आवश्यक प्राविधिक उपकरण (4K Camera, Drone, Editing Setup आदि) उपलब्ध भएको।
- आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र ।

**८. गाउँपालिकाको जिम्मेवारी**

- आवश्यक सूचना, तथ्यांक तथा अभिलेख उपलब्ध गराउने।
- सम्बन्धित शाखा तथा वडा कार्यालयसँग समन्वय गराउने।
- छायांकनका लागि आवश्यक सहजीकरण गर्ने।
- तयार सामग्रीको समीक्षा तथा सुझाव उपलब्ध गराउने।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

९. सेवा प्रदायकको जिम्मेवारी

- सम्पूर्ण कार्य व्यावसायिक मापदण्डअनुसार सम्पन्न गर्ने।
- तथ्यपरक तथा सत्य सूचनामा आधारित सामग्री तयार गर्ने।
- आवश्यक अनुमति तथा कानुनी प्रबन्धहरूको पालना गर्ने।
- निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने.।
- प्रतिलिपि अधिकार (Copyright) सम्बन्धी दायित्व बहन गर्ने।

१०. भुक्तानी व्यवस्था

भुक्तानी निम्नानुसार गर्न सकिनेछः

| चरण | प्रतिशत |
|---|---|
| सम्झौता पश्चात् कार्य प्रारम्भ | २०% (यदि सार्वजनिक खरिद ऐन/नियमावलीअनुसार सम्भव भएमा) |
| ड्राफ्ट वृत्तचित्र पेश गरेपछि | ३०% |
| अन्तिम प्रतिवेदन तथा सामग्री स्वीकृतिपछि | ५०% |

वा गाउँपालिकाको प्रचलित आर्थिक ऐन, नियम तथा सार्वजनिक खरिद नियमावली अनुसार भुक्तानी गरिनेछ।

११. मूल्याङ्कनका आधारहरू

| मापदण्ड | अंक |
|---|---|
| संस्थागत अनुभव | २० |
| समान प्रकृतिको कार्य अनुभव | २५ |
| कार्य योजना तथा अवधारणा | २० |
| प्राविधिक जनशक्ति | १५ |
| उपकरण तथा प्रविधि | १० |
| आर्थिक प्रस्ताव | १० |
| जम्मा | १०० |

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

१२. स्वामित्व अधिकार

वृत्तचित्र, फोटो, भिडियो, कच्चा सामग्री तथा सम्पूर्ण बौद्धिक सम्पत्ति अधिकार कालिका गाउँपालिकामा निहित रहनेछ। गाउँपालिकाको लिखित स्वीकृतिबिना सेवा प्रदायकले अन्यत्र प्रयोग गर्न पाउने छैन।

१३. अनुगमन तथा स्वीकृति

कार्यको अनुगमन तथा गुणस्तर परीक्षणका लागि गाउँपालिकाले तोकेको समिति/शाखाले नियमित अनुगमन गर्नेछ। अन्तिम स्वीकृति गाउँपालिकाको सम्बन्धित निकायबाट प्रदान गरिनेछ।

१४. अन्य व्यवस्था

यस TOR मा उल्लेख नभएका विषयहरू प्रचलित नेपाल सरकार का कानुन, सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली तथा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

१५. स्वीकृत गर्ने निकायः

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत